# यौनजन्य सङ्क्रमण (STIs)
# आफ्नो स्थिति थाहा पाउनुहोस्




مركز الأمراض الإنتقالية
Communicable Disease Center

عضو في مؤسسة حمد الطبية
A Member of Hamad Medical Corporation

# यौनजन्य सङ्क्रमण (STIs)
# आफ्नो स्थिति थाहा पाउनुहोस्

## यौनजन्य सङ्क्रमण (STIs) भनेको के हो?

अन्तरङ्ग शारीरिक सम्पर्क तथा यौन सम्पर्क मार्फत एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सङ्क्रमणलाई यौनजन्य सङ्क्रमण भनिन्छ। यस्ता सङ्क्रमण प्रायजसो धेरैलाई भइरहेको हुन्छ र विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार विश्वभर हरेक दिन १० लाखभन्दा बढी मानिसमा यौनजन्य हुने गरेको छ।

## यौनजन्य सङ्क्रमणका प्रकारहरू

- गोनोरिया र सिफिलिस कतारमा सबैभन्दा धेरै देखिने यौनजन्य सङ्क्रमणका प्रकारका हुन्।
- थोरै मात्रामा देखिने एचआईभी/एड्स पनि यौनजन्य सङ्क्रमणको एउटा प्रकार हो।

## यौनजन्य सङ्क्रमण कसरी हुन्छ?

- अन्तरङ्ग शारीरिक सम्पर्क तथा यौन सम्पर्क मार्फत एक व्यक्तिबाट अर्को व्यक्तिमा यौनजन्य सङ्क्रमणहरू सर्छन्।
- केही यौनजन्य सङ्क्रमणहरू रगत जस्ता गैरयौन माध्यमहरूबाट फैलिन सक्छन्।
- क्लामिडिया, गोनोरिया, हेपाटाइटिस बी, एचआईभी र सिफिलिस लगायत धेरै यौनजन्य सङ्क्रमणहरू गर्भावस्था र प्रसवको समयमा आमाबाट बच्चामा पनि सर्न सक्छ।



## यौनजन्य सङ्क्रमणका सामान्य लक्षणहरू के के हुन्?

- यौनाङ्गबाट असामान्य र स्वाभाविक रूपमा तरल पदार्थ बगिरहनु
- पिसाब गर्दा असहजता हुनु
- यौनाङ्ग चिलाउनु र/वा खटिरा/डाबर देखिनु
- यौनाङ्ग वा मलद्वार वरिपरि गाँठो वा छालाको वृद्धि हुनु (कोठी, मुसा)
- योनीबाट असामान्य रूपमा रक्तस्राव हुनु
- यौनाङ्ग वरिपरि फोका वा घाउखटिराहरू देखा पर्नु।

बुझ्नुपर्ने महत्त्वपूर्ण कुरा के हो भने सबै यौनजन्य सङ्क्रमणमा लक्षणहरू देखिँदैन, त्यसैले कहिलेकाहीं सङ्क्रमण भएर पनि यसको बारेमा थाहा नहुन सक्छ।

यसैले गर्दा मानिसहरूले आफूमा कुनै स्पष्ट सङ्केत वा लक्षणहरू नदेखिए पनि नियमित रूपमा परीक्षण गराइरहन सिफारिस गरिन्छ।

## यौनजन्य सङ्क्रमणलाई कसरी रोकथाम गर्ने?

तपाईंले तलका सरल सुझावहरू अपनाएर यौनजन्य सङ्क्रमणको जोखिम कम गर्न सक्नुहुन्छ:

- यौनसम्पर्क गर्दा कन्डम प्रयोग गर्ने
- तौलिया वा अन्डरवेयरहरू साटासाट गरेर प्रयोग नगर्ने
- हेपाटाइटिस बी विरुद्धको खोप लगाउने
- हुमन पापिलोमाभाइरस विरुद्धको खोप (HPV) लगाउने
- एउटामा प्रयोग गरिएका सिरिन्ज वा सुई कहिल्यै अर्कोमा प्रयोग नगर्ने।

## यौनजन्य सङ्क्रमणको लागि कहाँ परीक्षण गराउने?

यदि तपाईं वा तपाईंको पति वा पत्निमा यौनजन्य सङ्क्रमणको कुनै सङ्केत तथा लक्षण देखिएको छ वा आफू यौनजन्य सङ्क्रमणको जोखिममा छु भन्ने लागेको छ भने तपाईं नजिकको प्राइमरी हेल्थ सेन्टरले तपाईंलाई यौनजन्य सङ्क्रमण भएको छ वा छैन भनेर निर्धारण गर्न केही निश्चित नियमित परीक्षणहरू गर्न सक्नेछ। तपाईंको नजिकको प्राइमरी हेल्थ सेन्टरमा अपोइन्टमेन्ट लिनका लागि प्राइमरी हेल्थ केयर कर्पोरेसनको कस्टमर सर्भिस टीमलाई (107) कल गर्नुहोस्। तपाईंले कम्युनिकेबल डिजिज सेन्टरमा (40254025) पनि कल गर्न सक्नुहुन्छ।




## मेरो असुरक्षित यौनसम्पर्क भएको छ, मैले के गर्नुपर्छ?

- यदि तपाईंलाई आफ्नो पति वा पत्निको स्वास्थ्य स्थिति बारे थाहा छैन भने यौन सम्पर्क गरेको 72 घण्टा भित्र कम्युनिकेवल डिजिज सेन्टर (CDC) गएर जाँच गराउन हामी सिफारिस गर्दछौं। यसले यौन सम्पर्क पछिको सुरक्षात्मक उपचारको लागि तत्काल तपाईंको आवश्यकताको मूल्याङ्कन गर्न स्वास्थ्यकर्मीलाई सहयोग गर्नेछ।
- आधारभूत मूल्याङ्कन नभएसम्म सुरक्षित यौन सावधानीहरू अपनाउन जोडदार सिफारिस गरिन्छ।

## अन्य कुन अवस्थाहरूले यौनजन्य सङ्क्रमणको जोखिम बढाउन सक्छ?

1. कन्डमको अनुपयुक्त प्रयोगको कुनै पनि अवस्थाले यौनजन्य सङ्क्रमणको जोखिम बढाउन सक्छ।
2. रमाइलोका लागि सेवन गरिने लागूऔषध वा अल्कोहलको प्रभावमा यौन सम्बन्ध राख्दा।
3. म्याद सकिएको कण्डम प्रयोग गर्दा।
4. यौनजन्य रोग हुँदा।

## के कन्डमले पूर्ण सुरक्षा प्रदान गर्छ?

- यदि ठीकसँग प्रयोग गरियो भने कण्डमले शरीरको तरल पदार्थ र म्युकस मेम्ब्रेनबाट सर्ने यौनजन्य सङ्क्रमण विरुद्ध उच्च स्तरको सुरक्षा प्रदान गर्दछ। यसले एचआईभी, गोनोरिया र क्लामिडिया, र धेरै हदसम्म यौनाङ्गको सिफिलिस अल्सर जस्ता रोगबाट रक्षा गर्दछ।
- तर छालाको सम्पर्कबाट सर्ने हर्पस भाइरस वा हुमन पापिलोमा भाइरस (यौनाङ्गमा मुसा/कोठी बढाउने) जस्ता अन्य सङ्क्रमणहरूलाई कन्डम प्रयोगले पूर्ण रूपमा रोक्न सकिँदैन।

## मलाई यौनजन्य सङ्क्रमणबारे चिन्ता छ, तर त्यो भन्दा पनि बढी मलाई मेरो मेडिकल जानकारीको गोपनीयताबारे चिन्ता छ

- कम्युनिकेवल डिजिज सेन्टरमा हामी तपाईंको मेडिकल रेकर्डहरू निकै सावधानीपूर्वक व्यवस्थापन गर्छौं।
- यौन स्वास्थ्य क्लिनिकमा तपाईंले गरेका भ्रमण विवरणहरू कम्युनिकेवल डिजिज सेन्टरका टीमलाई मात्र उपलब्ध हुनेछ।

## गोपनीय टेलिफोन हेल्पलाइन

- हमाद मेडिकल कर्पोरेसनको कम्युनिकेबल डिजिज सेन्टरले आइतवारदेखि बिहिबार बिहान ७ बजेदेखि दिउँसो ३ बजेसम्म गोपनीय यौनजन्य सङ्क्रमण हेल्पलाइन सञ्चालन गर्छ। यदि तपाईलाई आफूमा यौनजन्य सङ्क्रमण छ भन्ने लागेको छ वा यौनजन्य सङ्क्रमणबारे थप जानकारी चाहिएको छ भने तपाईंले 4025 4022 मा फोन गरेर कम्युनिकेबल डिजिज सेन्टरका कुनै पनि स्वास्थ्यकर्मीसँग कुरा गर्न सक्नुहुन्छ।
- तपाईंले आफ्नो नाम वा कुनै पनि परिचय दिनु पर्दैन।

**बिरामी तथा परिवार शिक्षा**
patienteducation@hamad.qa
4439 1494 / 5

© 2022 Hamad Medical Corporation

20-0142